आज मिति २०७६साल असोज १४ गते मंगलका दिन नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको वैठक वसी निम्न वमोजिमका निर्णय गरियो ।

| क्र.सं | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | भेरी न.पा. ६ जाजरकोट | |
| २ | श्री भावना भण्डारी | नगर उप प्रमुख | भेरी न.पा. ३, जाजरकोट | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | भेरी न.पा. १ जाजरकोट | |
| ४ | श्री कालि वहादुर वली | वडा अध्यक्ष | भेरी न.पा. २ जाजरकोट | |
| ५ | श्री लिला वहादुर शाह | वडा अध्यक्ष | भेरी न.पा. ३ जाजरकोट | |
| ६ | श्री खम्व जंग शाह | वडा अध्यक्ष | भेरी न.पा. ४ जाजरकोट | |
| ७ | श्री श्याम लाल जैसी | वडा अध्यक्ष | भेरी न.पा. ५ जाजरकोट | |
| ८ | श्री शसिराम वुढा | वडा अध्यक्ष | भेरी न.पा. ६ जाजरकोट | |
| ९ | श्री चन्द्र वहादुर शाही | वडा अध्यक्ष | भेरी न.पा. ७ जाजरकोट | |
| १० | श्री गोरे कार्की | का.वा.वडा अध्यक्ष | भेरी न.पा. ८ जाजरकोट | |
| ११ | श्री धुव प्रसाद पौडेल | वडा अध्यक्ष | भेरी न.पा. ९ जाजरकोट | |
| १२ | श्री ठकेन्द्र बहादुर राना | वडा अध्यक्ष | भेरी न.पा. १० जाजरकोट | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | भेरी न.पा. ११ जाजरकोट | |
| १४ | श्री निम वहादुर भनारी | वडा अध्यक्ष | भेरी न.पा. १२ जाजरकोट | |
| १५ | श्री गोपाल वहादुर वटाला | वडा अध्यक्ष | भेरी न.पा. १३ जाजरकोट | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ८ जाजरकोट | |

| | | | | |
|---|---|---|---|---|
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ३ जाजरकोट | |
| १९ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ३ जाजरकोट | |
| २० | श्री विर वहादुर वादी | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १ जाजरकोट | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | भेरी न.पा. २ जाजरकोट | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| २३ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ३ जाजरकोट | |
| २४ | श्री डिल्लीराज वेल्वासे | प्रमुख प्रशासकिय अधिकृत (सदस्य सचिक) | भेरी नगरपालिका कार्यालय | |
| २५ | सुर्य प्रसाद लम्सालं | सू.प्र.अ. | भेरी नगरपालिका कार्यालय | |
| २६ | डम्वर वहादुर विष्ट | लेखापाल | भेरी नगरपालिका कार्यालय | |
| २७ | राजेन्द्र विवश पुन | स्वकीय सचिव | भेरी नगरपालिका कार्यालय | |
| २८ | केदार वहादुर कार्की | खरिदार | भेरी नगरपालिका कार्यालय | |

**निर्णयहरु** :

१. वडा दशै तथा शुभ दिपावलीको उपलक्ष्यमा कार्यपालिका सदस्यहरु विच एक आपसमा शुभकामना आदान प्रदान गरियो ।

२. नगरपालिकाको चालु आ.व. ०७६।०७७ मा एम.वि.वि.एस. छात्रवृत्ति कोटा अर्न्तगत भेरी नगरपालिका वडा नं ७ निवासी श्री हिमाल वि.क.लाई रु २०००००। दुई लाख रुपैया र जाजरकोट स्कुल अफ हेल्थ एलाईड साईन्सेसमा अध्ययनरत विनय शाह भे.न.पा. ३, वन्दना चन्द भे.न.पा. ५, एन्जिला गिरी भेरी न.पा. १३, का छात्र छात्रालाई छात्रवृत्ति तीन वर्षका लागि रु १०५००००। (दश लाख पचास हजार) रुपैया मध्ये चालु आ.व.मा खर्च गर्ने रकम रु. ५५००००। पाँच लाख पचास हजार गत वर्षको स्थानीय संचित कोषमा मौज्दात रकमवाट खर्च गर्ने ।

३. जाजरकोट जिल्ला प्रशासन कार्यालयमा परम्परा देखि संचालन हुदै आएको २०७६ को वडा दशैको अवसरमा नवदुर्गा पुजा पाठ र वली पुजाका लागि रु. ३००००। तीस हजार, जिल्ला कारागारको नौ दुर्गा पुजा पाठ वलीका लागि रु.२००००। विस हजार रुपैया र शशस्त्र प्रहरी बललाई वडा दशैको उपलक्ष्यमा वडाभोजका लागि रु. ३००००। तीस हजार रुपैयाँ गत वर्षको स्थानीय संचित कोषमा मौज्दात रकमवाट खर्च गर्ने ।

४. जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको भेरी नगरपालिका वडा नं ३ को थाप्लेचौरमा रहेको नारी शिल्पकला भवन नगरपालिकाको स्वामित्व हस्तान्तरणका लागि जिल्ला समन्वय समितिको निर्णय सहित पत्र प्राप्त भएकोमा स्वामित्व हस्तान्तरण प्रकृयाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समेत स्वीकृतको लागि अनुरोध गरि पठाउने । र उक्त भवनमा रहेका काठ, ढुंगाहरु प्रचलित कानुन वमोजिम लिलाम प्रकृया शुरु गर्ने ।

५. भेरी नगरपालिकाको वडा दशै २०७६ मा झण्डा पुजाका लागि रु. २५०००। पच्चीस हजार रुपैया गत वर्षको मौज्दात रकम स्थानीय संचित कोषवाट खर्च गर्ने ।

६. भेरी नगरपालिका भित्र रहेका वर्षातको समयमा पैह्रो तथा ढुंगा आई तपशिलमा उल्लेखित अवरोध भएका सहायक सडकहरु तत्काल पैह्रो तथा ढुंगा हटाई सडक सुचारु गरी गत वर्षको मौज्दात रकम स्थानीय संचित कोषवाट खर्च गर्ने ।

| क्र.सं | सहायक सडकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | रावतगाउँ देखि कोल्चौर सडक | भेरी न.पा.. १ | |
| २ | काव्रा रुख देखि पावरहाउस सम्मको सडक | भेरी न.पा. २ र ३ | |
| ३ | कालेगाउँ देखि कल्याणपुर सम्मको सडक | भेरी न.पा. ३ | |
| ४ | रामजानकी मन्दीर देखि भेलाले जाने सडक बाटो | भेरी न.पा. ४ | |
| ५ | वोहरा देखि काफलचौर, स्वास्थ्य चौकी हुदै डाँडा खेत सडक | भे.न.पा. ४,५,६ | |
| ६ | लक्ष्मी मा.वि. देखि नेटावजार भेरेखक सम्मको सडक | भे.न.पा. ६ | |
| ७ | नेटी वजार देखि आरीडाव सम्म | भे.न.पा. ६ | |
| ८ | नेटी वजार स्वास्थ्य, | | |
| ८ | स्वाउली वाजर, दह वजार, हुदै सरस्वती मा.वि. मेलटाकुरी | भे.न.पा. ७ | |
| ९ | झाला हाल्न देखि [illegible] माथि गाउँ सडक | भे.न.पा. ८ | |
| १० | मध्य पहाडी देखि [illegible] सम्मको सडक | भेरी न.पा. ८ | |

| | | | |
|---|---|---|---|
| | व्रमै खम्व देखि पौरी पोखरासम्म सडक | भेरी न.पा. ९ | |
| ११ | फेरा देखि पल्सेनी सम्मको सडक | भेरी न.पा. १० | |
| १२ | फेरा देखि दुर्गा नि.मा.वि. वडा कार्यालय सम्म सडक | भेरी न.पा. ११ | |
| १३ | थापागाउँ काँसतारा हुदै वेलगार सम्म सडक | भेरी न.पा. १२ | |
| १४ | वरपिपल देखि भेरी पुल सम्मको सडक | भेरी न.पा. १३ | |

७. सडक वोर्ड नेपालवाट संचालित भुरस्याउली सडकको कार्य सम्पन्न भई अन्तिम भुक्तानीका लागि माग भए वमोजिम तपशिल वमोजिमको विशेष अनुगन समिति गठन गरि अनुगमन समितिको प्रतिवेदनको आधारमा भुक्तानी प्रकृया वढाउने ।

- गोपाल वटाला १३ नं वडा अध्यक्ष
- खम्व जंग शाह ४ नं वडा अध्यक्ष
- मिना पुन कार्यपालिका सदस्य
- सम्वन्धित वडाका वडा अध्यक्षहरु ७,८,९,१०
- प्रमुख प्रशासकिय अधिकृत वा नीजले तोकेको प्रतिनिधी
- ई.नवराज शर्मा, स.ई. जय प्रकाश गिरी

८. वहु प्राविधिक शिक्षालय, काफलचौरमा (CTEVT) को नाममा जग्गा प्राप्त गर्न नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई स्वीकृतका लागि अनुरोध गर्ने ।

९. सुआहारा कार्यक्रम अन्तरगत कार्यरत सुपरभाईजरका लागि पारिश्रमिक साझेदारी २०७६।७।०१ देखि २०७७ अषाढ मसान्त सम्मका लागि ३ लाख ५५ हजार गत वर्षको मौज्दात रकम स्थानीय संचित कोषवाट खर्च गर्ने ।

१०. भेरी नगरपालिका वडा नं २ तिमिलेमा पहिरोमा परि मृत्यु र घाईते भएका व्यक्तिहरुलाई मृतक प्रति व्यक्ति रु. ३५०००। घाईते प्रति व्यक्ति रु.२५०००। का दरले भुक्तानी भएकाले उक्त खर्च भएको रकम अनुमोदन गर्ने ।

११. भेरी नगरपालिका क्षेत्र भरी ( १ देखि १३ ) मा बाढी पहिरोवाट भएका क्षेतिका विवरण संकलन गरी आगामी कार्यपालिका वैठकमा पेश गर्न नगर स्तरिय विपत व्यवस्थापन समितिलाई जिम्मा दिने ।

१२. नगरपालिका र रेडक्रस सोसाईटीको साझेदारीमा संचालित व्लड वैंक ( रक्त संचार केन्द्र) संचालनका लागि रु. २ लाख अनुदान गत वर्षको मौज्दात रकम स्थानीय संचित कोषवाट खर्च गर्ने ।

१३. भेरी नगरपालिकामा तिज विशेष कार्यक्रम संचालन वापत खर्च रकम रु ५००००। र वडा नं ९ मा संचालन भएको तिज विशेष कार्यक्रमका लागि रु २००००। विस हजार रुपैयाँ गत वर्षको मौज्दात रकम स्थानीय संचित कोषवाट खर्च गर्ने ।

१४. CFLG को Focal Parson कार्यक्रम अधिकृत दल वहादुर घर्तीलाई तोक्ने ।

१५. वहुआयामिक विकास तथा अध्ययन मन्चलाई आगामी कार्यपालिका वैठकमा कार्यक्रमको ढाँचा सहितको प्रस्ताव प्रस्तुती करणका लागि जानकारी गराउने ।

१६. नगरपालिकाको भवन निर्माणको तेश्रो रनिङ्ग विलको भुक्तानी प्राविधिकको मुल्यांकनको आधारमा समपुरक कोषवाट खर्च गर्ने ।

१७. नगर गान र नगर लोगोको लागि सार्वजनिक रुपमा प्रस्ताव आव्हान गर्ने ।

१८. ट्राफिक प्रहरीलाई कम्प्युटर र प्रिन्टर खरिद गरि हस्तान्तरण गर्ने ।

१९. स्वास्थ्य चौकी कुदु र पुन्मामा ल्याव संचालन गर्न ल्याव असिस्टेन्ट भर्नाका लागि सूचना प्रकाशन गरि भर्ना गर्ने र प्रति ल्याव असिस्टेन्टको मासिक पारिश्रमिक रु १५०००। हजारका दरले नियुक्ती भएका मिति देखि उपलब्ध गराउने र स्वास्थ्य चौकी भुरमा कार्यरत ल्याव असिस्टेन्टलाई रु. १५००० हजारका दरले २०७६ श्रावण महिना देखिको पारिश्रमिक विनियोजन ऐन २०७६ को सामाजिक विकास अर्न्तगत गाउँघर आर्युवेद स्वास्थ्य क्लिनिक कार्यक्रमवाट खर्च गरि खर्च अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने ।

२०. निजामति कर्मचारी दिवशमा विभिन्न कार्यक्रम संचालन गरि खर्च भएको रु.६००००। साठ्ठी हजार रुपैया गत वर्षको वाँकी रकमवाट स्थानीय संचित कोषवाट खर्च लेखि खर्च अनुमोदन गर्ने ।

२१. भेरी नगरपालिकाको वडा नं १३ मा संचालन हुन लागेको कुदु वृहत साँस्कृतिक महोत्सव संचालनका लागि रु १००००००। एक लाख रुपैया गत वर्षको वाँकी रकमवाट स्थानीय संचित कोषवाट खर्च गर्ने ।

२२. भेरी नगरपालिकाका तपशिलमा उल्लेखित स्थानहरुमा वडा दशैको अवसरहरुमा मौला पुजा संचालनका लागि अनुदान रकम गत वर्षको वाँकी रकमवाट स्थानीय संचित कोषवाट खर्च गर्ने ।

क) भेरी नगरपालिका वडा नं २ को दार नेटा मौला पुजाको लागि रु. १५०००

ख) भेरी नगरपालिका वडा नं ७ को पुन्मा मौला पुजाको लागि रु. ३००००।

ग) भेरी नगरपालिका वडा नं ४ को कालिका भगवती मन्दिर पुजापाठका लागि रु.१०,०००।

२४. भेरी नगरपालिकाका वडा नं १ को मैदे, वडा नं २ को पुरानो रिसाङ, वडा नं ७ को मिथेग्रा, वडा नं ७ को दोकाना, वडा नं ८ को गिमा र वडा नं ९ को वान्निमा संचालन भएका गर्रा ( सरंङ्गे ) नाच संचालनका लागि रु.५०,०००। पचास हजारका दरले सहयोग गत वर्षको वाँकी रकमवाट स्थानीय संचित कोषवाट खर्च गर्ने ।

२५. गैरीखाली देखि जिल्ला अस्पताल सम्म जोड्ने सडक निर्माणका लागि प्रदेश सरकारवाट गत आ.व.मा समपुरक अनुदान रकमको ठेक्काद्धारा कार्य संचालन भएकोमा ठेक्काको यस आ.व.मा पनि प्रदेशवाट योजनालाई क्रमागत गर्नु भनि आएको पत्रानुसार चालु आ.व.०७६।०७७ को श्रावण र भाद्र महिनासम्मका लागि म्याद थप गर्ने ।

२६. नगरपालिकाको निर्माणधिन भवनमा लिफ्टको टंकीमा डुवेर भेरी नगरपालिका वडा नं १ मा वस्ने लोक वहादुर रानाको मृत्यु भएको हुदाँ मृतकका परिवारलाई क्रिया खर्च वापत रु २५०००। पच्चिस हजार रुपैया गत वर्षको वाँकी रकमवाट स्थानीय संचित कोषवाट खर्च गर्ने

२७. भेरी नगरपालिकाको तर्फवाट नलगाढ नगरपालिकाले आयोजना ..को फुटवल प्रतियोगितमा सहभागी भएका खेलाडी टिमलाई यातायात खर्च वापत रु १५०००। पन्ध्र हजार रुपैया गत वर्षको वाँकी रकमवाट स्थानीय संचित कोषवाट खर्च गर्ने ।

२८. जाजरकोट जिल्लाको लगनशिल क्रिकेट खेलाडी युनिश सिंहलाई अन्तराष्ट्रिय अभ्यास तालिमकालागि सहयोग स्वरुप रु ५० हजार रुपैया गत वर्षको बाँकी रकमवाट खर्च घटाउनेगरी संचित कोषवाट खर्च लेख्ने ।

२९. नगर उपप्रमुख श्री भावना भन्डारीको माग एवं कार्यालय प्रयोजनको आवश्यकतालाई ध्यानमा राखि १(एक) थान मोटरसाईकल उपलब्ध गराउने ।